CONSULATE GENERAL OF NEPAL
NEW YORK

# प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय नागरिक उडडयन संगठन **(International Civil Aviation Organization- ICAO)** को प्रावधान अनुसार हाल सम्म **Machine Readable Passport (MRP)** जारी नगरिसकेका सवै सदस्य राष्ट्हरुले आगामी ०१ अप्रिल २०१० (१९ चैत्र २०६६) देखि मेशिनद्वारा विवरण पढ्ने तथा बाहकको बैयक्तिक विवरण भण्डारण गर्न सकिने राहदानी **MRP** अनिवार्य रुपमा जारी गर्नुपर्ने भएकोले नेपाल सरकारले पनि सो मिति देखि **MRP** जारी गर्नको लागि आवश्यक तयारीहरु गर्दैआएको छ ।

०१ अप्रिल २०१० देखि जारी गरिने **MRP** तथा हाल जारी गरिदै आएका हस्तलिखित रहादानीका सम्बन्धमा देहाय बमोजिमका जानकारी सम्बन्धित सवैका लागि प्रकाशित गरिएको छ ।

१. हाल जारी गरिदै आएका हस्तलिखित राहदानीहरु (Hand-Written Passport) अब **३१ मार्च २०१०** सम्म मात्र जारी गरिने छ ।

२. हाल जारी भैसकेका वा **३१ मार्च २०१०** सम्म जारी गरिने हस्तलिखित रहादानीहरु लिई मिति **२४ नोभेम्बर २०१५** सम्म मात्र विदेश भ्रमण गर्न सकिने छ ।

३. सन २०१० डिसेम्वर सम्म मात्रै म्याद बहाल रहेका राहदानी बाहक महानुभावहरुले समेत **३१ मार्च २०१०** अगावै नयां राहदानी लिन उपयुक्त हुने सुझाव गरिन्छ ।

४. **२४ नोभेम्बर २०१५** पछि विदेश भ्रमण गर्नेहरुले भने अनिवार्य रुपमा **MRP** लिनुपर्ने भएकोले सम्बन्धित सवैले आ-आफनो अनुकुल समयमा सो मिति अगावै **MRP** लिनुपर्नेछ ।

५. **०१ अप्रिल २०१०** देखि नै **MRP** जारी गर्नेतर्फ आवश्यक कारवाहीहरु हुंदा हुदै पनि यो प्रकृया जटिल भै **ICAO** को प्राबधान अनुसार केन्द्रीकृत गरी सुरक्षित स्थानबाट मात्र जारी गर्नुपर्ने भएकोले **MRP** साधारण राहदानी जस्तो तुरुन्त जारी गर्न नसकिने र हाल जारी भएसरह प्रत्येक जिल्लाबाट गर्न नसकिने भई केन्द्रीय राहदानी कार्यलय, परराष्ट्र मन्त्रालयबाट मात्र जारी गर्ने व्यवस्था हुनेछ ।

६. **MRP** लिनको लागि आवेदकका निवेदन परराष्ट्र मन्त्रालय केन्द्रीय राहदानी कार्यलय पुगेको दिनबाट सामन्यत: **८ देखि १०** हप्तासम्म लाग्नसक्ने हुन्छ ।

७. मिति **०१ अप्रिल २०१०** देखि जारी हुने **MRP** को दस्तुर तथा **२४ नोभेम्बर २०१५** पछि सम्मको बहाली म्याद भएका हस्तलिखित राहदानी बाहकहरुले राहदानीलाई **MRP** मा बदल्दा लाग्ने दस्तुरका बारेमा पछि नेपाल सरकारले गर्ने व्यबस्था यथासमयमा सवैलाई जानकारी गराईनेछ ।

CONSUL

न्यूर्योक
२४ फेब्रुवरी २०१० (२०६६ साल फागुन १२ गते)

820 Second Avenue, 17B, New York, NY 10017
Tel: 212 370 3988/89 • Fax: 212 953 2038 • E-mail: nepal@un.int